संघीय संसद सचिवालय

## सभामुख पदको निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

नेपालको संविधानको धारा ९१ एवं प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ बमोजिम प्रतिनिधि सभाको सभामुख पदको निर्वाचन मिति २०७६/१०/१२ गते आइतबार दिनको ३:०० बजे गर्ने गरी माननीय ज्येष्ठ सदस्य श्री महन्थ ठाकुरले निर्वाचनको मिति र समय निर्धारण गर्नु भएकोले सोही नियमावलीको नियम ७ को उपनियम (१) बमोजिम निम्नानुसार निर्वाचन कार्यक्रम प्रकाशन गरिएको छ :-

| क्र.सं. | कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | प्रतिनिधि सभाको कुनै मा० सदस्यले प्रतिनिधि सभाका कुनै मा० सदस्यलाई सभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दर्ता गर्ने । | २०७६/१०/७ गते | बिहान ११ बजेदेखि अपरान्ह २:०० बजेसम्म । | ल्होत्से हल, संघीय संसद भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वर । |
| २. | निर्धारित समय भित्र दर्ता भएका उम्मेदवारीको सूचनाको दर्ता क्रम अनुसार सूची प्रकाशन गर्ने । | २०७६/१०/७ गते | अपरान्ह २:३० बजे । | सूचना पाटी, संघीय संसद भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वर । |
| ३. | प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ७ बमोजिम प्रतिनिधि सभाको बैठकमा सभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावक सदस्यले प्रस्ताव गर्ने, समर्थक सदस्यले समर्थन गर्ने, उम्मेदवारीको सूचनामाथि सामूहिक रुपमा छलफल हुने र दर्ता क्रमानुसार उम्मेदवारीको प्रस्तावहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्ने ।<br><br>**(पहिलो प्रस्तावले बहुमत प्राप्त गरेमा अर्को उम्मेदवारी प्रस्तुत नहुने, साथै एकमात्र प्रस्ताव दर्ता भएमा निर्विरोध निर्वाचित भएको घोषणा हुने)** | २०७६/१०/१२ गते आइतबार | ३:०० बजे प्रारम्भ हुने प्रतिनिधि सभाको बैठकमा । | प्रतिनिधि सभा कक्ष, संघीय संसद भवन, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वर । |

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव

**मिति : २०७६।१०।०६**
**समय : अपरान्ह ४:१० बजे ।**